मितिः२०८२-०५-११ बैठक संख्याः२

प्रस्तावहरुः

१. सडक बत्ती जडानको लागि सूचना आह्वान गर्ने सम्बन्धमा ।
२. लुम्बिनी प्रदेश सरकारबाट प्राप्त सडक बत्ती जडान सम्बन्धमा ।
३. माग आकृति फारम पठाउने सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा सियारी गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार सडक बत्ती बिस्तार अन्तर्गत नेपाल विद्युत प्राधिकरण र यस गाउँपालिकाको MOU बमोजिम आवश्यक सडक बत्ती खरिद गरी नेपाल विद्युत प्राधिकरणलाई जडान गर्न दिनुपर्ने भएको र सुरक्षा संवेदनशीलता समेतलाई मध्यनजर गर्दा रात्रीकालिन आवागमनलाई थप व्यवस्थित गर्ने तथा चोरी डकैती कार्यहरु नियन्त्रण गर्न यथाशिघ्र सडक बत्ती जडान गर्नुपर्ने भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था भए बमोजिम खुला बोलपत्रको १५ दिनको अवधि दिई सूचना आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं २. प्रस्ताव नं २ माथि छलफल गर्दा लुम्बिनी प्रदेश सरकारबाट सियारी गाउँपालिकाको नाममा प्राप्त २५० थान र सियारी-४, शिवपुरको नाममा प्राप्त ५० थान गरी कुल ३०० थान सडक बत्ती मितिः२०८२ भाद्र १२ गतेबाट प्राविधिक शाखाको जिम्मेवारीमा जडान कार्य प्रारम्भ गर्ने र उक्त सडक बत्ती गाउँपालिका अन्तर्गतका मुख्य बजार क्षेत्रमा ५०/५० थानका दरले जडान गर्ने निर्णय गरियो ।

निर्णय नं ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलको च.नं.१०२, मितिः२०८२/०५/११ गतेको प्राप्त पत्रानुसार यस सियारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृत दरबन्दी तेरिज अन्तर्गतका स्थानीय इन्जिनियरिङ्ग सेवा, सिभिल समूहको पाँचौं तथा चौथो तहको रिक्त पद, स्थानीय कृषि सेवा, ला.पो.डे.डे समूह अन्तर्गत पाँचौं तहको पशु विकास प्राविधिक र चौथो तहको सहायक पशु विकास प्राविधिक पदमा कार्यालयबाट उपलब्ध गराइएको सरुवा सहमतिको आधारमा पदपूर्ती हुने गरी स्थानीय कृषि सेवा अन्तर्गत तपसिलमा उल्लिखित रिक्त समूहका विभिन्न तह तथा पदमा पदपूर्तीको लागि नियमानुसार प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलमा माग आकृति फारम पठाउने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | सेवा | समूह | तह | पद | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय कृषि सेवा | भेटेरिनरी | चौथो | सहायक पशु स्वास्थ्य प्राविधिक | १ | |
| २ | | मत्स्य | पाँचौं | मत्स्य प्राविधिक | १ | |